**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम ईलाका प्रशासन कार्यालय लेखनाथ, कास्कीसँग सम्बन्धित विवरण ।**

(२०८० कार्तिक १ गतेदेखी २०८० पौष मसान्त सम्म)

**१. ईलाका प्रशासन कार्यालय लेखनाथ, कास्कीको स्वरुप र प्रकृति :**

गण्डकी प्रदेशको कास्की जिल्लाको पूर्वी भेगको पोखरा महानगरपालिका वडा नं.३०, ढुंगेपाटन खुदीमा अवस्थित इलाका प्रशासन कार्यालय मिति २०७३ साल जेष्ठ ३१ गते तत्कालिन गृहमन्त्री श्री शक्ति वहादुर वस्नेत ज्यूद्धारा समुदघाटन भई सेवा सुभारम्भ भएको हो ।

(क) **ईलाका स्तर /स्थानिय स्तर :**

यस कार्यालयले पोखरा महानगरपालिका वडा नं. २६,२७,२८,२९,३०,३१,३२ र ३३ सम्मका सवै र रुपा गाउँपालिकामा बसोबास गर्ने वासिन्दालाई सहजरुपमा, छिटो, छरितो तवरले अख्तियार भएका कार्य गर्ने ।

**(ख) कार्यप्रकृति :**

यो कार्यालय विशुद्ध रुपमा सेवामुलक प्रकृतिको कार्य गर्न स्थापित सार्वजनिक निकाय हो, जसले प्रचलित ऐन, नियमावलीमा व्यवस्था भए बमोजिमका नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, नावालक परिचयपत्र सम्बन्धी कार्य तथा नेपाल सरकार एवं प्रमुख जिल्ला अधिकारीज्यूबाट आदेश, निर्देशन भए बमोजिमका कार्य गर्ने गर्दछ ।

**२. ईलाका प्रशासन कार्यालय लेखनाथ, कास्कीको काम कर्तव्य र अधिकार :**

(क) आफ्नो अधिकार क्षेत्रभित्रका उमेर पुगेका नेपाली नागरिकहरुलाई नियम संगत ढंगले नेपाली नागरिकता प्रमाणपत्र उपलब्ध गराउने ।

(ख) आफ्नो अधिकार क्षेत्रभित्रका आवश्यकता परेका नेपाली नागरिकहरुका लागि नेपाली नागरिकताको प्रतिलिपी उपलब्ध गराउने ।

(ग) आफ्नो अधिकार क्षेत्रभित्रका आवश्यकता परेका नेपाली नावालकहरुलाई नावालक परिचय पत्र उपलब्ध गराउने ।

(घ) आफ्नो अधिकार क्षेत्रभित्रका आवश्यकता परेका नेपाली नागरिकहरुका लागि विभिन्न किसिमका सिफारिस तथा प्रमाणित कागजात उपलब्ध गराउने । (जस्तै दलित प्रमाणित, जनजाती प्रमाणित, उमेर प्रमाणित,दुई नाम थर प्रमाणित, अन्य प्रमाणित )

(ङ) आफ्नो अधिकार क्षेत्रभित्रका नागरिकहरुको लागि आवश्यकता अनुसार विद्युतिय राहदानी सेवा उपलब्ध गराउने ।

(च) राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गरी संकलन गर्ने ।

(छ) बजारमा हुने अनियमितता, कालोबजारी, ठगी, लगायतका विभिन्न कियाकलापहरुवाट आफ्नो अधिकार क्षेत्रका नागरिकहरुको स्वास्थप्रति सचेत रहँदै त्यस्तो अनियमित क्रियाकलाप रोक्न नियमित बजार अनुगमन गर्ने ।

(ज) सामान्य उजुरी एवं गुनासोको सुनुवाई गर्ने ।

(झ) इलाका स्तरको शान्ति सुरक्षा कायम गर्न मातहतको निकायलाई निर्देशन दिने आदि ।

३. **इलाका प्रशासन कार्यालय लेखनाथ, कास्कीमा रहने कर्मचारी संख्या र कार्यविवरण :**

| सि.नं. | पद | दरवन्दी संख्या | नामथर | कैफियत |
|---|---|---|---|---|
| १ | उप सचिव | १ | श्री काशी राम गैरे | |
| २ | शाखा अधिकृत | १ | श्री निर्मल परियार | |
| ३ | नायव सुव्वा | २ | श्री बाबुराम शर्मा<br>श्री खेमादेवी कडेल | |
| ४ | लेखापाल | १ | श्री जनकराज पौडेल | |
| ५ | कम्प्युटर अपरेटर | १ | श्री नम्रता रेग्मी | |
| ६ | खरिदार | १ | श्री मिलन थापा | |
| ७. | हलुका सवारी चालक | १ | श्री नारायण प्रसाद बराल | |
| ८. | कार्यालय सहयोगी | ३ | श्री एकमाया ओझा<br>श्री सिता पोखेल पौडेल<br>श्री घनश्याम बराल | |
| | जम्मा | ११ | | |
| **राष्ट्रिय परिचयपत्र तर्फ** | | | | |
| १ | विवरण दर्ता अपरेटर | १ | श्री गणेश अबिलासी अधिकारी | |
| २ | विवरण दर्ता सहायक | १ | श्री सुस्मिता भण्डारी | |
| | जम्मा | २ | | |

४. **इलाका प्रशासन कार्यालय लेखनाथ, कास्कीबाट प्रदान गरिने सेवा :**

(क) वंशजको आधारमा नागरिकताको प्रमाणपत्र वितरण

(ख) वैवाहिक अंगीकृत नागरिकताको प्रमाण पत्र वितरण । (श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू बाट निर्देशन भए बमोजिम)

(ग) नागरिकता प्रमाण पत्रको प्रतिलिपी वितरण ।

(घ) नागरिकता प्रमाण पत्रको नामथर, जन्म मिति संशोधन । (श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू बाट निर्देशन भए बमोजिम)

(ङ) नावालक परिचय पत्र वितरण ।

(च) विद्युतीय राहदानी सम्वन्धी कार्य ।

(छ) द्रुत राहदानी सेवाको लागि नागरिकता अभिलेख प्रमाणित ।

(ज) राष्ट्रिय परिचयपत्र विवरण दर्ता संकलन

(झ) अन्य विभिन्न प्रकारका प्रमाणित । (जस्तै, नामथर, उमेर, ठेगाना, दलित, आदिवासी/जनजाती आदि)

(ञ) सहज आपूर्ति व्यवस्थापन तथा कालाबजारी नियन्त्रण गर्नका लागि बजार अनुगमन तथा नियमन ।

५. ईलाका प्रशासन कार्यालय लेखनाथ, कास्कीको शाखा र जिम्मेवार अधिकारी :

| क्र.सं. | सेवा प्रदान गर्ने निकायको शाखा | कोठा नं. | जिम्मेबार अधिकारी |
|---|---|---|---|
| १ | नयाँ नागरिकता तथा प्रतिलीपि शाखा | ३ | कार्यालय प्रमुख र शाखा अधिकृत |
| २ | राहदानी शाखा | ४ | कार्यालय प्रमुख र शाखा अधिकृत |
| ३ | राष्ट्रिय परिचयपत्र विवरण दर्ता शाखा | ५ | कार्यालय प्रमुख र शाखा अधिकृत |
| ४ | अन्य विविध | ३ | कार्यालय प्रमुख र शाखा अधिकृत |

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

| क्र.सं. | प्रदान गरिने सेवा तथा कार्य | लाग्ने दस्तुर | लाग्ने समय |
|---|---|---|---|
| १. | बंशजको आधारमा नेपाली नागरिकता प्रमाणपत्र | रु. १०।- को हुलाक टिकट | प्रमाण पुगेमा पेश भएकै दिन |
| | प्रतिलिपी नागरिकता | रु. २०।- को हुलाक टिकट | प्रमाण पुगेमा पेश भएकै दिन |
| २. | राहदानी<br>(क) विद्युतिय विवरण संकलन | रु. ५०००।-<br>हराएको हकमा रु. १०,०००।-<br>१० बर्ष भन्दा कम उमेर भएको नावालकको हकमा रु २,५००।-<br>द्रुत सेवाको लागी रु. १०।- को हुलाक टिकट | सामान्यतया ३० दिन |
| ३. | नामथर, उमेर र अन्य प्रमाणित | रु. १०।- को हुलाक टिकट | प्रमाण पुगेमा पेश भएकै दिन |
| ४. | नावालक परिचय पत्र | रु. १०।- को हुलाक टिकट | प्रमाण पुगेमा पेश भएकै दिन |
| ५. | राष्ट्रिय परिचयपत्र विवरण दर्ता | नि:शुल्क | प्रमाण पुगेमा पेश भएकै दिन |

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

यस कार्यालयको कामको सम्बन्धमा बिभिन्न प्रकारका निर्णयहरु प्रचलित नागरिकता ऐन तथा नियमावलीको अधिनमा रही सम्बन्धित फाँटवाला, शाखा अधिकृत तथा उपसचिव (कार्यालय प्रमुख) सम्म र निर्णय गर्नमा दुविधा उत्पन्न हुने तथा आफ्नो प्रत्यायोजित अधिकार भित्र नपर्ने काम कारवाहीको लागी श्रीमान् प्रमुख जिल्ला अधिकारीको निर्देशन अनुसार निर्णय गर्ने ।

८. निर्णयउपर उजुरी सुन्ने अधिकारी :

सेवाग्राहीको गुनासो तथा उजुरी गर्नका लागी कार्यालयमा सिधै गुनासो तथा उजुरी गर्न सकिने छ । त्यस्तो उजुरी  कार्यालय प्रमुखबाट सुनुवाई हुनेछ ,निजको नाम थर र ठेगाना यस प्रकार रहेको छ ।

नाम : श्री काशी राम गैरे
पद : उपसचिव/कार्यालय प्रमुख
ठेगाना : इलाका प्रशासन कार्यालय लेखनाथ, कास्की ।
मोवाइल नं: ९८५६००२३४५
फोन : ०६१-५०४१२३
इमेल : aaolekhnaath@gmail.com

९. सम्पादन गरेको कामको बिवरण :

| मिति | नागरिकता तर्फ | | | | | नावालक परिचय पत्र | अन्य विविध प्रमाणित | बजार अनुगमन | राष्ट्रिय परिचयपत्र | राहदानी तर्फ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नयाँ नागरिकता | | | प्रतिलिपी नागरिकता जम्मा | कुल जम्मा ना.प्र.प | | | | | नर्मल राहदानी सिफारिस | द्रुत सिफारिस | वितरण |
| | महिला | पुरुष | जम्मा | | | | | | | | | |
| २०८० कार्तिक | ८६ | ९५ | १८१ | १९० | ३७१ | १८ | १० | ० | ३१६ | २७६ | ० | १६० |
| २०८० मंसिर | १०५ | ८८ | १९३ | २६० | ४५३ | ३० | २९ | ० | ६५१ | ४५० | ० | ३७६ |
| २०८० पौष | ६५ | ७७ | १४२ | १२५ | २७६ | १७ | ७ | ० | ४९६ | ३४२ | ० | ३६१ |
| कुल जम्मा | २५६ | २६० | ७१६ | ७७५ | ११०० | ६५ | ४६ | ० | १४६३ | १०६८ | ० | ८९७ |

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद :

(क) कार्यालय प्रमुख :

- नाम : काशी राम गैरे
- पद : उपसचिव/कार्यालय प्रमुख
- मोवाइल नं.: ९८५६००२३४५
- फोन नं.: ०६१-५०४१२३
- इमेल : aaolekhnaath@gmail.com

(ख) सूचना अधिकारी :

- नाम : निर्मल परियार
- पद : शाखा अधिकृत
- मोवाइल नं.: ९८५६००४१२३
- फोन नं.: ०६१-५०४१२३
- इमेल : aaolekhnaath@gmail.com

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३ (संशोधन सहित)
- आवश्यक पदार्थ नियन्त्रण ऐन (अधिकार),२०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- मुलुकी अपराध (संहिता) ऐन,२०७४
- मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४
- राहदानी ऐन,२०७६
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली , २०६५
- नेपाल नागरिकता नियमावली , २०६३ (संशोधन सहित)
- राहदानी नियमावली , २०७७

- सुशासन (व्यवस्थापन तथा संचालन)नियमावली , २०६५
- गृह प्रशासन सुधार कार्य योजना ,२०७४
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका , २०६८
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता,२०६९
- समय समयमा नेपाल सरकार गृह मन्त्रालय मार्फत जारी भएका विभिन्न निर्देशिका तथा प्रमुख जिल्ला अधिकारी ज्यूको निर्देशन .

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**

२०८० कार्तिक १ गतेदेखी २०८० पौष मसान्तसम्म

- ३ महिनामा उठेको जम्मा राजश्व: ५२,१२,५०० (बाउन्न लाख बाह्र लाख पाँच सय मात्र) । (राहदानी बापत)
- ३ महिनामा भएको जम्मा खर्च:
  - चालुतर्फ रु. ५२,९८,६३८।५० (नौ लाख बयालिस हजार छ सय त्रिचालिस रुपैया असी पैसा)
  - पुँजीगततर्फ रु. ९२,८९७
  - राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण तर्फ जम्मा खर्च रु. ५,५८,६७० (पाँच लाख अन्ठाउन्न हजार छ सय सत्तरी)।

**१३. कार्यालयको वेवसाइट तथा इमेल ठेगाना :**

website : aaolekhnaath.moha.gov.np
Email : aaolekhnaath@gmail.com

**१४.नागरिक वडापत्र :**

नेपाल सरकार
गृह मन्त्रालय
# ईलाका प्रशासन कार्यालय
लेखनाथ, कास्की
## नागरिक वडापत्र

| क्र.स. | प्रदान गरिने सेवा तथा कार्य | संलग्न गर्नुपर्ने कागजातहरु र कोठा नं. | लाग्ने दस्तुर | लाग्ने समय | जिम्मेबार पदाधिकारी | उजुरी सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|
| १. | वंशजको आधारमा नेपाली नागरिकता प्रमाणपत्र | सम्बन्धित वडा कार्यालयबाट अनुसूची १ बमोजिमको सिफारिस फाराम, शैक्षिक प्रमाण पत्र, जन्मदर्ता, बुबाको र आमाको ना.प्र.प. (सक्कल समेत), वडा मुचुल्का (आवश्यकता अनुसार), विवाहित महिलाका हकमा विवाह दर्ता, श्रीमानको नागरिकताको प्रमाणपत्र, नाता पर्ने बुबा, आमा, बाजु र आई मध्ये कसैको नाता खुलेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र सो को सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित अभिलेख, बसाइसराइ गरी आउने व्यक्तिको नागरिकताको सक्कल प्रमाणपत्र, बसाई सराई गरि आउने को हकमा बसाई सराई, तत्सम्बन्धि प्रमाण पुर्जा र सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणित अभिलेख (कोठा नं.३) | रु. १०/- को हुलाक टिकट | प्रमाण पुर्जा पेश भएकै दिन | सम्बन्धित फाँटवाला | कार्यालय प्रमुख |
| | प्रतिलिपि नागरिकता | सम्बन्धित वडा कार्यालयबाट अनुसूची ४ बमोजिमको सिफारिस फाराम, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, यस कार्यालयबाट जारी ना.प्र.प. को हकमा प्रमाणित अभिलेख (कोठा नं.३) | रु. ५०/- को हुलाक टिकट | प्रमाण पुर्जा पेश भएकै दिन | सम्बन्धित फाँटवाला | कार्यालय प्रमुख |
| २. | राहदानी (क) : M.R.P. फाराम संकलन (ख) द्रुतसेवा को लागी फाराम सिफारिस | २ प्रति A4 साइज फाराम, १ प्रति PP साइजको फोटो, नागरिकता प्रमाणपत्र तथा सोको प्रतिलिपि, राहदानी लिएको भए पुरानो सक्कल राहदानी र १ प्रति प्रतिलिपि (कोठा नं. ४ मा), (राहदानी प्राप्त हुन आएपछि कार्यालयको Website: aaolekhnaath.moha.gov.np बाट जानकारी गराइनेछ) | रु. ५०००/- द्रुतको हकमा रु. १०,०००/- १० वर्ष भन्दा कम उमेरको हकमा रु.४५००/- | सामान्यतया ४५ दिन द्रुत सेवाका लागी तत्काल सिफारिस दिने | सम्बन्धित फाँटवाला | कार्यालय प्रमुख |
| ३. | नाता, उमेर र अन्य प्रमाणित | सम्बन्धित वडा कार्यालयबाट सिफारिस, ना.प्र.प., फरक परेको विवरणको प्रतिलिपि, व्यहोरा खुलेको निवेदन (कोठा नं. ३ मा) | रु. ५०/- को हुलाक टिकट | प्रमाण पुर्जा पेश भएकै दिन | सम्बन्धित फाँटवाला | कार्यालय प्रमुख |
| ४. | नाबालक परिचय पत्र | सम्बन्धित वडा कार्यालयबाट फोटो प्रमाणित सिफारिस, बुबा र आमाको ना.प्र.प. र विवाहदर्ता, जन्मदर्ता नाता प्रमाणित, निवेदन, शैक्षिक योग्यताको प्रमाण पत्र (कोठा नं. ३ मा) | रु. ५०/- को हुलाक टिकट | प्रमाण पुर्जा पेश भएकै दिन | सम्बन्धित फाँटवाला | कार्यालय प्रमुख |
| ५. | राष्ट्रिय परिचय पत्र विवरण दर्ता | सक्कल नागरिकता प्रमाण पत्र, विवाहितको हकमा विवाहदर्ता, बाबु आमाको नागरिकता प्रमाण पत्र (कोठा नं. ४ मा) | - | प्रमाण पुर्जा पेश भएकै दिन | सम्बन्धित फाँटवाला | कार्यालय प्रमुख |
| ६. | सूचना प्रवाह | सूचना अधिकारी श्री निर्मल परियार (कोठा नं. २) | - | - | - | कार्यालय प्रमुख |

नोट: माथी पेश भएका कागजातहरुको सक्कल समेत पेश गर्नुपर्नेछ ।

**१५. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण :**

यस अवधिसम्म यस कार्यालयमा सूचना माग्न कोही पनि नआएको ।

निर्मल परियार

(शाखा अधिकृत/सूचना अधिकारी)